कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.:०८३-५२३६७२


## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/०७

यस मन्त्रालयको आ.व.२०८२/८३ को वार्षिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक समाग्री र मर्मत सम्भार सहयोग कार्यक्रममा रु. १०,००,०००/- (अक्षेरुपी दश लाख) रकम विनियोजन भएकोले सो कार्यक्रम संचालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले आफ्ना कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही स्वयम् उपस्थित भई सामाजिक विकास मन्त्रालयमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।(सरकारी निकायको रुपमा लागु नहुने)

(ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.ब.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षकोलेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।

(ग) स्थायी लेखा नम्वर,

(घ) कार्य गरेको अनुभव पत्र,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्र,

(च) पछिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।

(छ) कार्यक्रम कम्तीमा रु.१०,००,०००/- (अक्षेरुपी दश लाख) बराबरको लागत साझेदारी प्रतिवद्धता गर्नुपर्नेछ ।

(ज) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखामा सम्पर्क गर्न अनुरोध छ ।

थप जानकारीका लागि सम्पर्कः

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय

स्वास्थ्य सेवा महाशाखा वीरेन्द्रनगर, सुर्खेत

वेब साईटः https://mosd.karnali.gov.np सम्पर्क नं:९८५८०३२७७६